प्रस्तावहरु (२०७८/०६/२४ गते)

प्रस्ताव नं. १ : सांस्कृतिक कार्यक्रम संचालनको लागि आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं. २ : सडक निर्माण तथा मर्मतको लागि बजेट व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ३ : लागत अनुमान स्वीकृत गरी पाइप खरिद गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४ : आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रमको स्वमूल्याङकन कार्यको समय थप सम्बन्धमा।

प्रस्ताव नं. ५ : मोटर बाटो मर्मत सम्बन्धमा।

प्रस्ताव नं. ६ : गुम्बा निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं. ७ : थप मेलमिलापकर्ता सूचिकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ : मेलम्ची ब्याडमिन्टन एकेडेमीलाई रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ९ : जग्गा पास गर्न सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : कोत पुजा संचालनको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ११ : भवन निर्माण सम्बन्धमा।

प्रस्ताव नं. १२ : बजार अनुगमनको समीक्षा तथा धन्यवाद सम्बन्धमा।

प्रस्ताव नं. १३ : शुभकामना आदान प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १४ : सिंचाईको लागि बजेट व्यवस्थापन सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित ओम मणि युवा क्लबबाट विजयादशमी, २०७८ को अवसरमा नगर स्तरीय खुला नृत्य प्रतियोगिता सहित विविध सांस्कृतिक कार्यक्रम संचालनको लागि बजेट माग भएको हुँदा शिक्षा युवा तथा खेलकुद तर्फको विविध खेलकुद प्रतियोगिता संचालनका लागि अनुदान तथा विद्यालयहरुको लागि खेलकुद सामाग्री शिर्षकबाट खर्च हुने गरी रु. ५००००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) बजेट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २

मेलम्ची नगरपालिका वडा नं. ४ स्थित बसेरी पुच्छार डिही मोटर बाटो निर्माण तथा मर्मत गर्नको लागि बजेट माग भएको हुँदा उक्त मोटर बाटो निर्माण तथा मर्मत गर्नको लागि मर्मत संभार कोषबाट खर्च हुने गरी रु. ३०००००।– (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) बजेट व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ३

विपद् तथा बाढीबाट क्षति भएका खानेपानी योजना संचालनका लागि नगरपालिका भित्रका विभिन्न व्यक्ति तथा उपभोक्ता समितिहरुबाट खानेपानी पाइप माग भएको हुँदा माग बमोजिम खानेपानी पाइप वितरण गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी 25 mm 10 kg/cm2 को ५५०० मिटर HDEP पाइप खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. ४

आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम संचालनको  लागि स्वमूल्याङकन फाराम भरी केही वडाहरुबाट मात्र पेश भएको हुँदा उक्त स्वमूल्याङ्कन फारामको प्रस्ताव पेश गर्ने मिति २०७८ साल कार्तिक ८ गतेसम्म समय थप गर्ने र आफ्नो गाउँ आफैं बनाऔं विशेष कार्यक्रम संचालन कार्यविधि संशोधनको लागि विधायन समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

मेलम्ची नगरपालिका वडा नं. १० र ९ अन्तर्गत पर्ने मेलम्ची खाल्डे खोला सडक र मेलम्ची नगरपालिका वडा नं. ६ स्थित मेलम्ची तालामाराङ सडक मर्मत संभार गर्नको लागि मर्मत संभार कोषबाट खर्च हुने गरी प्राविधिक लागत इष्टिमेट बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मेलम्ची नगरपालिका वडा नं. ८ स्थित उर्गेन छे खोर्लिङ भैंसे गुम्बा निर्माण सम्पन्न गर्नको लागि बजेट माग भएको हुँदा उक्त गुम्बा निर्माणका लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. १००००००।– (अक्षरुपी दश लाख रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका थप मेलमिलापकर्ताहरु सूचिकृत गर्ने निर्णय गरियो।

तपसिल

१. उमा प्रधान, मेलम्ची नगरपालिका वडा नं. १
२. लक्ष्मी तामाङ, मेलम्ची नगरपालिका वडा नं. ३
३. रोजन तामाङ, मेलम्ची नगरपालिका वडा नं. ३
४. भिम बहादुर तामाङ, मेलम्ची नगरपालिका वडा नं. ६
५. सुजि सुनवार (गिरी), मेलम्ची नगरपालिका वडा नं. ६
६. अमित कोइराला, मेलम्ची नगरपालिका वडा नं. ८
७. जयराम नेपाल, मेलम्ची नगरपालिका वडा नं. १२

निर्णय नं. ८

पाँचपोखरी थाङपाल गाउँपालिकाको आयोजनामा मिति २०७८ साल असोज २३ गते देखि २५ गतेसम्म आयोजना भएको जिल्लास्तरीय खुल्ला ब्याडमिन्टन प्रतियोगितामा भाग लिनको लागि यस नगरपालिकाको प्रतिनिधित्व गरेर सहभागी भएको मेलम्ची ब्याडमिन्टन एकेडेमी, मेलम्ची नगरपालिका ११ लाई शिक्षा युवा तथा खेलकुद तर्फको विविध खेलकुद प्रतियोगिता संचालनका लागि अनुदान तथा विद्यालयहरुको लागि खेलकुद सामाग्री शिर्षकबाट खर्च हुने गरी रु. १५००००।– (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) बजेट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९

मेलम्ची नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवन निर्माण गर्नको लागि सोही वडा निवासी श्री बच्चुराम नेपालको कि.नं. ११६८ क्षे.फ. २–४–२–० मध्येबाट क्षे.फ. ०–३–०–० र रामबाबु नेपालको कि.नं. ६० को क्षे.फ. १–११–०–१ मध्येबाट क्षे.फ. ०–३–०–० जगा निशुल्क रुपमा उपलब्ध गराउन मञ्जुर भई सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइ आएको हुँदा उक्त कि.नं. र क्षे.फ.का जग्गाहरु वडा कार्यालय निर्माणका लागि उपयुक्त भएकाले उक्त जग्गा मेलम्ची नगरपालिका, १२ नं. वडा कार्यालयको नाममा रजिष्टेरशन पास गर्न आवश्यक निर्णयका लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १०

मेलम्ची नगरपालिका वडा नं. ५ स्थित कोट देवी मन्दिरमा परम्पराकाल देखि गरिंदै आएको कोत पुजा संचालन गर्नको लागि विविध शिर्षकबाट खर्च हुने गरी रु. ३००००।– (तीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११

मेलम्ची नगरपालिका वडा नं. ७ स्थित पोखरे भञ्ज्याङ साना किसान कृषि सहकारी संस्था लि. को भवन साझेदारीबाट निर्माण गर्नको लागि रु. २००००००।– बजेट माग भएको हुँदा उक्त भवन निर्माण गर्नको लागि लागत साझेदारी शिर्षकबाट खर्च हुने गरी नगरपालिकाको तर्फबाट हुन आउने ६० प्रतिशत रकम रु. १२०००००।– (अक्षरुपी बाह्र लाख रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

मेलम्ची नगरपालिकाको बजार अनुगमन टोलीबाट नगरपालिका भित्रका विभिन्न बजारहरुको बजार अनुगमन गरी प्राप्त भएको प्रतिवेदनको सम्बन्धमा आजको यस वैठकमा छलफल गरियो । बजार अनुगमन टोलीबाट प्रभावकारी ढंगबाट गरिएको बजार अनुगमन कार्य प्रति धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय गरियो।

निर्णय नं. १३

२०७८ सालको दिपावली, छठ लगायतका पर्वहरुको उपलक्ष्यमा मिति २०७८ साल कार्तिक १६ गते राजनैतिक दल, पूर्व तथा हालका जनप्रतिनिधि, समाजसेवी लगायत लब्ध प्रतिष्ठित व्यक्तिहरुको उपस्थितिमा वृहत्त शुभकामना तथा चियापान कार्यक्रम संचालन गर्ने र उक्त कार्य गर्नको लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. लेखा अधिकृत मुरारी पुडासैनी – संयोजक
२. ई. जित बहादुर कार्की – सदस्य
३. सू.प्र.अ.अर्पना श्रेष्ठ – सदस्य
४. राजस्व शाखा प्रमुख ना.सु. श्री राजेन्द्र दुलाल – सदस्य
५. जिन्सी शाखा प्रमुख क.अ. श्री जयराम घोरासैनी – सदस्य

निर्णय नं. १४

मेलम्ची नगरपालिका वडा नं. १३ डोटेलथोकमा तरकारी तथा अन्नबाली उत्पादनको लागि सोही वडा निवासी श्री सरोजराज डोटेलबाट सिंचाई पाइप माग भएको हुँदा उक्त सिंचाई व्यवस्थापनको लागि प्राविधिक लागत इष्टिमेट बमोजिम विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।